

# अध्याय -१४

# हृदयमा सजाइ राख्नुपर्ने एफिसीहरूको पत्र

**यस अध्यायका मूल अध्यायहरू: एफिसी १- एफिसी ६**



**यस अध्यायको मूल सार पदः "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– आफ्नो धर्मकर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिंड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।" एफिसी २:८-१०।**

बिलायतको राजधानी लन्डनको प्रख्यात नदी थेम नदीको किनारामा ४५० फिट अग्लो लठ्ठाको टुप्पामा ३९५ फराकिलो चक्का छ। त्यसलाई लन्डन आइ अर्थात् लन्डनको आँखा भनिन्छ। त्यस चक्काको वरपरि मेचहरू छन्। त्यहाँ पर्यटकहरू बस्छन् र त्यो चक्कालाई घुमाउँछन्। त्यसबाट लन्डन सहरका धेरै महत्त्वपूर्ण मानव निर्मित आकर्षित भवन तथा स्मारकहरू हेर्दछन्। त्यहाँबाट लन्डनको ठूलो घन्टाघर बिग बेन, सदन भवन, धेरै ऐतिहासिक दरवार र कथिड्रल वा भव्य चर्चहरू देख्दछन्। नयाँ करारको विद्वान निकोलस थोमस "टम" राइटको निम्ति "एफिसीहरूलाई लेखेको पत्र लन्डन आइ जस्तै छ। पावलका सम्पूर्ण पत्रहरूलाई त्यस पत्रबाट

हेर्न वा बुझ्न सकिन्छ। पावलको पत्रमा यो सबभन्दा लामो र सबै थोक अटिएको पत्र त होइन, तर यसले पावलको सम्पूर्ण पत्रलाई आश्चर्य तरिकाले देखाउँछ वा बुझाउँछ। लन्डन आइको पाङ्ग्रामा चढेर सहरका प्रमुख स्मारकहरू हेर्ने जस्तै यस पत्रबाट पावललका पत्रहरूमा भएको एक एक विषयबस्तुलाई अवलोकन गर्न सकिन्छ।" पावल फर एभ्रिवनः द प्रिजन लेटरस, लन्डनः एस.पी. सी.के., २००४, पृ. ३।

एफिसीको पत्रमा पावलले स्थानीय विषयबस्तुहरूतिर ध्यान दिएको पाइन्दैन। यो पत्र केवल एफिसस चर्चका विश्वासीहरूको निम्तिमात्र लेखेको नभएर संसारमा जहाँ रहेतापनि येशूको विश्वासीहरू र चर्चहरूको निम्ति लेखिएको छ। यो सबै युगको निम्ति समयसापेक्षित पत्रद्वारा आश्चर्य तरिकाले पावलले हाम्रो संसार र सोचबिचार तथा दिमागलाई खोतलिखोतलि हेर्दछन्। जब हामी यस पत्रको प्रत्येक अध्यायको समिक्षा गर्छौं, तब यो प्रश्न हाम्रो दिमागमा राखौंः एफिसीको पत्रमा के महत्त्वपूर्ण सत्यहरू बुनिएका छन् जसले प्रत्येक विश्वासीको जीवनलाई येशूभावनामा ढालिराख्न निरन्तररूपमा सहयोग गर्दछ?

## १. हामी ख्रीष्टमा आशिष पाएकाछौं

कसैले एफिसीको पुस्तकलाई नयाँ करारका हिमालहरू भनेका छन्। हिमाली यात्रामा अगुवाइ गर्ने पथप्रदर्शकरूपमा पावलले एफिसी १मा एउटा चुचुरोमा हामीलाई छिटो छिटो चढाउँछन्। त्यो चुचुरोबाट पावलका धारणाहरूलाई हेर्न पाउँदा हामीलाई आश्चर्यचकित पार्दछ।

**एफिसी १ लाई केलाएर पढ्नुहोस्। यस अध्यायमा तपाईंलाई प्रेरणा दिने खालको के छ? त्यहाँ तपाईंको निम्ति आत्मिक चुचुरोहरू के देख्नुभएको छ? हेर्नुहोस्ः "१ परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको प्रेरित पावलबाट, ख्रीष्ट येशूमा विश्वासी एफिससमा भएका सन्तहरूलाईः २ हाम्रा परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति। ३ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्ले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ। ४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो। ५ उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, ६ यस हेतुले**

कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्। ७ उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं, ८ जुन अनुग्रह उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो। ९ किनकि सम्पूर्ण बुद्धि र आन्तरिक समझमा ख्रीष्टमा राख्नुभएको उद्देश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ, १० ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन्। ११ उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्रायअनुसार १२ हामी ख्रीष्टमा पहिलेदेखि आशा राख्नेहरूलाई उहाँले आफ्नो महिमाको प्रशंसाको निम्ति जिउन सकौं भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ र छान्नुभएको छ। १३ तिमीहरू, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गर्‍यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो। १४ परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात् हामीहरूले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ। १५ प्रभु येशूप्रति रहेको तिमीहरूको विश्वास र सबै सन्तहरूप्रति तिमीहरूका प्रेमको विषयमा मैले सुनेको कारणले नै, १६ मेरो प्रार्थनामा तिमीहरूलाई सम्झना गर्दै तिमीहरूका निम्ति धन्यवाद दिन म थामिन्नँ। १७ म प्रार्थना गरिरहन्छु, कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले तिमीहरूलाई उहाँको विषयको ज्ञानमा बुद्धि र प्रकाशको आत्मा देऊन्। १८ म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयका आँखा उज्यालो होस्, र कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो, सो तिमीहरूले जान्न सक। १९ अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक। त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो, २० जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो। २१ सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, २२ र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, २३ जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ।" एफिसी १।

एफिसी १ः३-१४ले हिमालको चुचुरोबाट देखिने नक्सा जस्तो काम गर्दछ। यसले अरू चुचुरोहरूको पहिचान गराउँछ। मुक्तिको योजनाको महान् भू-दृश्यमा हामीलाई हाम्रो आशिषित स्थानको बारेमा परिचय गराउँछ। त्यहाँ देखाएको दृश्यमा मुक्तिको इतिहासको पूर्ण दृश्यलाई समेटिएको छ। विगतको अनन्तदेखि ख्रीष्टद्वारा सम्पन्न गरिएको अनुग्रहले भरेको क्रियाकिलापहरूदेखि अनन्तको भविष्यसम्मको विवरण खुलासा गरिएको छ। विश्वासीहरूको निम्ति परमेश्वरले चाल्नुभएको मुक्तिको योजना यस पृथ्वी सृष्टि गर्नुभन्दा अघि नै बनाइएको थियो (एफिसी १ः४)। अव त्यो योजना हाम्री जीवनमा नै सक्रिय वा लागु भएको छ (एफिसी १ः७,८,१३,१४)। सृष्टिको सुरुमा तयार गरिएका रणनीतिहरू अन्तको समयमा पूरा हुनेछ। अनि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू जम्मा हुनेछ वा येशू ख्रीष्टमा एक हुनेछ। अनि समय पूरा भएपछि परमेश्वरको योजना पूर्णरूपमा सम्पन्न हुनेछ (एफिसी १ः१०)। त्यसपछि हामीले परमेश्वरको रहस्यमया योजनाको (एफिसी १ः९) अनुभव गर्नेछौं। वर्तमान समयमा हामी ख्रीष्टमा केन्द्रित मुक्तिमा उभिरहेकाछौं भनेर हामी निश्चित हुन सक्छौं। परमेश्वरको दुरगामी मुक्तिको योजनामा सहभागी भएर सबैलाई समेतिने काममा महत्त्वपूर्ण भाग हामी अहिले खेलिरहेका छौं।

आत्मिक शिखरमा उभिन पाउँदा हामी आभारित र प्रेरित भएर परमेश्वरलाई धन्यवाद चढाउँछौं। परमेश्वरले योजना गर्नुभएको मुक्तिमा विश्वासीहरूले अनुभव गर्न सकुन् भनेर पावलले धन्यवादसहित प्रार्थना एफिसी १ः१५-१९मा गर्छन्। अनि अर्को अग्लो चुचुरोमा उभिन पुग्छौं जहाँ पुनरुत्थान हुनुभएको, स्वर्गमा उक्लिनुभएको र उच्च पारिनु भएको ख्रीष्टलाई पावलले हामीलाई औंल्याउँछन्। उहाँले मनले सोचेको प्रत्येक शक्तिमाथि प्रभुत्व जमाउनु भएको छ (एफिसी १ः२०-२३)।

येशू ख्रीष्टमा नै व्यक्ति गरिएको परमेश्वरको अनुग्रहले अहिले नै हामी त्यस आत्मिक चुचुरोमा रहन सक्दछौं!

**एफिसी १ः४-५ले हामीलाई यो बताउँछ, "उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो। उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो ।" यसको गहिरो अर्थ के हो सोच्नुहोस्। संसारको अस्तित्व हुनुभन्दा अघि नै उहाँले हामीलाई**

चुन्नुभएको थियो र! तपाईंलाई मुक्ति दिन परमेश्वरको महान् चाहनालाई त्यस कथनले तपाईंलाई कस्तो आशा दिनुपर्दछ।

## २. समाजको निम्ति हामी मुक्ति पाएको

एफिसी २ अध्याय पढ्नुहोस्। जब तपाईंले यो पढ्नुहुन्छ, तब उहाँको पुत्र येशू ख्रीष्टद्वारा परमेश्वरले हाम्रो निम्ति के गर्नुभयो सो सोच्नुहोस्।

"१ तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो। २ यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एक पल्ट चल्दैथियौ। ३ तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं। ४ तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, ५ यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो– अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ। ६ र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो। ७ योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो। ८ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। १० किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिंड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो। ११ यसकारण याद राख, अघि तिमीहरू शरीरअनुसार अन्यजाति छँदा शरीरमा हातबाट खतना गरिएकाहरूले तिमीहरूलाई बेखतनाका मान्दथे। १२ याद राख, तिमीहरू त्यस बेला ख्रीष्टबाट अलग, इस्राएलका नागरिक हकबाट बाहिर भएका थियौ, र प्रतिज्ञाका करारहरूबाट बिराना, आशा नभएका र यस संसारमा परमेश्वररहित थियौ। १३ तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ। १४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। १५ र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै

शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। १६ अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो। १७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, १८ किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं। १९ यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौ। २० त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ। २१ उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ। २२ अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ।" एफिसी २।

**"तर परमेश्वरले..."** (पद ४)। ति दुई शब्दहरू मानव प्राणीको निम्ति अत्यन्तै आशाले भरिएका उल्लेखनीय भावनाहरू हुन्। पावलले आफ्ना पाठकहरूलाई तिनीहरूको बिगतको भयावभ र भ्रष्ट जीवनको बारेमा वर्णन गर्छन्। तिनीहरूको भयानक र कठोर जीवनको चित्रण एफिसी २:१-१०मा पावलले चित्रण गर्छन्। मानव जीवनको कहालीलाग्दो परिस्थितिको बारेमा उनले बताउँदै तिनीहरू परमेश्वरको खिलाफमा विद्रोह गर्ने मनस्थितिमा तिनीहरू थिए भनेर उनले सुनाउँछन्। तिनीहरूको खास जीवन सैतानको नियन्त्रणमा थियो (एफिसी २:१-३)। "तर कृपाको धनी परमेश्वर..." र परमेश्वरले तिनीहरूलाई के गर्नुभयो र हामीलाई पनि गर्नुभयो? १. येशूबिना हामी मुर्दा जीवन बिताइरहेका थियौं। तर उहाँले ख्रीष्टमा जीवित पार्नुभयो। उहाँको पुनरुत्थान पनि हाम्रै पुनरुत्थान हो। २. उहाँले हामीलाई येशूसँग उचाल्नुभयो-स्वर्गमा उहाँको उक्लाइ हाम्रो पनि उक्लाइ थियो। ३. स्वर्गमा उहाँको सिंहासनसँगै हामीलाई बसाल्नुभएको थियो-उहाँको राज्यरोहण हाम्रो पनि थियो (एफिसी २:४-७)। यस जगतमा हामी केवल दर्शकहरूमात्र होइनौं-ख्रीष्टको जीवनको तलमाथिको घट्नामा पनि हामी सहभागी भएका हुन्छौं। ख्रीष्टसँग हामीलाई समावेश गरेर परमेश्वरले जुन काम गर्नुहुन्छ त्यो हामी असल भएर वा योग्य भएर वा हाम्रो कुनै धर्मकर्म गरेर होइन तर उहाँको अनुग्रहले (एफिसी २:८,९) हो। येशूसँग एकवद्ध भएर असल काममा लागोस् (एफिसी २:१०) भन्ने परमेश्वरको नियत हो।

यदि एफिसी २:१-१०ले हामीलाई येशूसँग एक भएर बाँचोस् भनेर सिकाउँदछ भने, एफिसी २:११-२२मा उहाँको चर्चमा हामी एक आपसमा एक भएर बसोस् भनेर सिकाउँदछ। येशूको मृत्युले परमेश्वरसँग ठाडो सम्बन्ध राख्न लगाउँछ भने (एफिसी २:१-१०), विश्वासीहरूको बीचमा तेर्सो वा सिधा सम्बन्ध राखेर एक आपसमा एकचित्त भएको एफिसी २:११-२२मा उल्लेख गर्दछ। येशूले धर्मको नाउँमा यहूदीले खडा गरेका अयहूदी वा अन्य जातिहरूको पर्खालहरू भत्काइ दिनुभएको थियो। ती पर्खालहरूमा परमेश्वरले दिनुभएको व्यवस्थाको दुरुपयोग पनि थियो जसले गर्दा यहूदी र अयहूदीहरूको बिचमा फराकिलो चिरा थियो (एफिसी २:११-१८)। येशूलाई विश्वास गरेपछि अब यहूदी र अन्यजातिहरू समान जाति वा एक मानव जाति भएको हुन्छ। येशूले चकित पार्ने अरू कुरो पनि निर्माण गर्नुहुन्छ-नयाँ मन्दिर जो सर्वजातिका मानिसहरू समावेश गरिएका छन्। पौराणिक मन्दिरको पवित्र स्थानहरूमा यहूदीभन्द अरू जातिहरू जान निषेधित गरिएको थियो, अब यहूदीहरूसँग बसेर एक भएर परमेश्वरको आराधना गर्न सक्ने भएकोछ। हामी सबै जना परमेश्वरको चर्चको भाग हुन सक्छौं, "परमेश्वरको पवित्र मन्दिरको" (एफिसी २:१९-२२)।

परमेश्वरको अनुग्रहले तपाईं हामी सबै जना येशू र हाम्रा विश्वासी जनहरूसँग एक सूत्रमा रहने अवसर पाएकाछौं।

एफिसी २:८-१० पढेर धेरै मानिसहरूले येशूप्रति महाआस्था राखेको पाइन्छ। यही अनुग्रहको सन्देशले पन्द्रौ शताब्दीको रोमन क्याथोलिक धर्मगुरु मार्टिन लुथरको मन जितेको थियो। अनुग्रह र सुधारवादीहरूको मूख्य अरू शिक्षाहरूलाई उनले पत्त लगाएका थिएः मुक्ति भनेको केवल विश्वासबाटमात्र पाइन्छ, केवल अनुग्रहबाट, ख्रीष्टबाटमात्रै र परमेश्वरको महिमाबाटमात्रै। लन्डनको आल्डरगेट स्ट्रीटमा येशूलाई विश्वास गरेको अठारौं दिनमा सन १७३८मा प्रख्यात प्रचारक जोन वेसलीले अक्सफोर्ड विश्वविद्यालयमा प्रचार गरेका थिए। त्यसमा उनको विषय थियो, " हृदयदेखिको चित्कार" र "नयाँ अभियानको दस्तावेज"। त्यसको मूल पद थियो एफिसी २:८। (ए. स्कीभिङ्टन वुड, "स्ट्रानजली वारम्डः द वेसलीस एण्ड द इभान्जलिजम अवेकनिङ्ग, " *क्रिश्चियन हिस्टोरी* (पत्रिका), ठेली ५, नं. १, १९८४।

## ३. हामी जीवित परमेश्वरका चर्च हौं

परमेश्वरको चर्चमा सहभागी हुनु किन महत्त्वपूर्ण र अत्यन्तै रहरलाग्दो छ? हेर्नुहोस् एफिसी ३, "१ यसैकारण म पावल, तिमी अन्यजातिहरूका पक्षमा ख्रीष्ट येशूको कैदी– २ तिमीहरूका निम्ति मलाई सुम्पिएको परमेश्वरका अनुग्रहको जिम्मेवारीको विषयमा तिमीहरूले पनि सुनेका छौ भन्ने मलाई लागेको छ। ३ जुनचाहिँ प्रकाशद्वारा मलाई थाहा गराइएको रहस्य हो। जसको विषयमा मैले तिमीहरूलाई अघिबाटै छोटकरीमा लेखेको पनि थिएँ। ४ जब तिमीहरू यो पढ्छौ, ख्रीष्टको रहस्यबारे मेरो आन्तरिक समझ के छ, सो तिमीहरू बुझ्न सक्छौ। ५ जुन कुरा उहाँका पवित्र प्रेरितहरू र अगमवक्ताहरूलाई पवित्र आत्माद्वारा अहिले प्रकट भएको छ, त्यो अरू पुस्ताका मानिसहरूलाई जनाइएको थिएन, ६ अर्थात् सुसमाचारद्वारा नै अन्यजातिहरू सह-उत्तराधिकारीहरू हुन्, एउटै शरीरका अङ्गहरू र ख्रीष्ट येशूमा रहेको प्रतिज्ञाका साझेदार हुन्। ७ उहाँका शक्तिको कार्यअनुसार मलाई दिइएका परमेश्वरको त्यस अनुग्रहको वरदानबमोजिम यस सुसमाचारको म सेवक बनाइएको थिएँ। ८ सबै सन्तहरूमा म अत्यन्त तुच्छ भए तापनि ख्रीष्टको अगम्य सम्पत्तिको सुसमाचार अन्यजातिहरूलाई प्रचार गरूँ भनेर मलाई यो अनुग्रह दिइयो। ९ सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो, १० ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्। ११ योचाहिँ ख्रीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्यअनुसार थियो। १२ उहाँमाथि राखिएको हाम्रो विश्वासद्वारा साहस र दृढ़ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौं। १३ यसैकारण म तिमीहरूलाई निवेदन गर्दछु, कि तिमीहरूका निम्ति मैले भोगिरहेको कष्टमा तिमीहरू हताश नहोओ। यी तिमीहरूका गौरव हुन्। १४ यसैकारण म पिताको सामने आफ्ना घुँडा टेक्तछु, १५ जसद्वारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ। १६ म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्, १७ र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर, १८ सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त

**गर्न सक, १९ र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ।**

**२० उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ, २१ उहाँलाई नै पुस्ता-पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस्। आमेन।"**

चर्चको बारेमा जब चर्चका सदस्यहरूले सकारात्मक टिप्पणी गर्छन् तब हामी उत्साहित हुन्छौं। तर, जुनरूपमा पावलले चर्चको बारेमा एफिसी ३मा अत्यन्तै उल्लेसित भएर वर्ण गरे हामी जतिसुकै चर्चको गुणगाण गर्नेभएतापनि चर्चप्रति उनले गरेका प्रशंसाको तहमा पुग्न सक्दैनौं अर्थात् हामीसँग शब्दहरू नै छैन। एफिससमा रहेका विश्वासीहरूको निम्ति आफूले गरेका पार्थनाहरूलाई उल्लेख गरेकै (एफिसी ३:१, साथै एफिसी १:१५-२३सँग तुलना गर्नुहोस्) बीचमा उनले परमेश्वरले चर्च सृजना गर्नुभएको बारेमा छलफल गर्दछन् (एफिसी ३:२-१३), अनि उनले आफ्नो प्रार्थनाको बारेमा सुनाएको पूरा गर्छन् (एफिसी ३:१४-२१)। अनि हामी यो अध्याय पढ्दै गर्दा परमेश्वरको "योजना" वा "रहस्य"को महत्त्वपूर्ण शिक्षालाई बुझ्न सक्नेहुन्छौंः

- अनन्तको समयमा नै परमेश्वरले चर्चको स्थापनाको "रहस्य" वा "योजना" तर्जुमा गर्नुभएको थियो।
- येशू ख्रीष्टको जीवन र मृत्युले लामो समयसम्म रहस्यमय भएको त्यो योजना सम्पन्न भएको थियो (एफिसी ३:११सँग एफिसी २:११-२२ तुलना गरेर पढ्नुहोस्)।
- चर्चको "रहस्य" र अन्यजातिहरू पनि त्यस चर्चका पूर्ण सहभागी हुन् भन्ने चकित पार्ने सत्य परमेश्वरले पावललाई प्रकट गर्नुभएको थियो (एफिसी ३:३-६)।
- "ख्रीष्टको अगम्य वा खोजेर पत्ता लगाउन नसकिने सम्पत्ति" (एफिसी ३:८,९)को सुसमाचार प्रचार गर्नुमा आफू सहभागी भएको पावलले व्यक्त गर्दछन्।
- धेरै मानिसहरू ख्रीष्टलाई विश्वास गरेको कारण चर्चको सृजना भएको हो। चर्च भनेकै दुवै यहूदी र अन्यजाति वा अयहूदीहरूको एकै थलो हो। "ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्।" एफिसी ३:१० र दुष्ट बाटोमा नै रहन रूचाउनेहरूको पनि

अन्त्य हुनेछ भनेर चर्चले नै घोषणा गर्दछ (एफिसी ६:१०-२०)। सबै थोक येशूमा एकत्रित गर्ने योजना तर्जुमा हुँदैछ, र समय छोटो छ।

चर्चको बारेमा यही बुझाइले विश्वासीहरूको निम्ति प्रार्थना गर्न पावललाई उत्साहित गरिएको थियो। हाम्रै निम्ति हृदयछुने प्रार्थना पावलले एफिसी ३:१४-२१मा प्रार्थना गरेका थिए भनेर किन कल्पना नगर्ने? तपाईं पनि "परमेश्वरको पूर्णताले भरियोस्" भनेर पावलले तपाईंको निम्ति प्रार्थना गरेका थिए भनेर किन कल्पना नगर्ने? तपाईं पनि यस चकित पार्ने एकैसूत्रमा बाँधिने चर्चको रहस्यमा समावेश होस् भन्ने उनको प्रार्थनामा किन सहभागी नहुने?

**हाम्रै चर्चमा के अवरोध वा पर्खालहरू छन् जुन पावलले भनेको अनुसार हुनुहुँदैन? त्यसलाई हटाउन तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ?**

## ४. विश्वासमा एकता

**एफिसी ४ मा येशूलाई विश्वास नगर्ने जनहरूको अनुसरण गरेर चल्ने क्रियाकलाप रोक भनेर पावलले आह्वान गर्दछन्। बरू येशूभावनामा भावित भएर चलुन् भन्ने उनको आग्रह थियो। ती के हुन्? हेर्नुहोस्, "१ यसकारण, म प्रभुको निम्ति एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरू बोलाइएका छौ त्यही योग्यको जीवन यापन गर। २ सारा दीनता, नम्रता र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहेर, ३ शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर। ४ शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ– जसरी तिमीहरू बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरूको बोलावटसँग गाभिएको छ– ५ एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, ६ हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ। ७ तर ख्रीष्टको वरदानको नापअनुसार हामी हरेकलाई अनुग्रह दिइएको छ। ८ यसकारण यसो भनिएको छः "उहाँ उच्चमा चढ़िजानुहुँदा कैदलाई बन्दी बनाएर लानुभयो, र मानिसहरूलाई वरदानहरू दिनुभयो।"**

**९ (अब यो "उच्चमा चढ़िजानुभयो" भनेको चाहिँ के हो? केवल यही कि उहाँ पृथ्वीको तल्लो भागमा ओर्लनु पनि भयो। १० उहाँ जो ओर्लनुभयो उहाँ नै सारा स्वर्गहरूभन्दा धेरै माथि चढ़िजानुभयो, यस हेतुले कि समस्त थोकलाई उहाँले भरिपूर्ण पार्न सकून्।) ११ अनि उहाँका वरदानहरूचाहिँ यी नै**

थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही
मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्, १२ कि ख्रीष्टको शरीर निर्माण
होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्, १३ जबसम्म हामी सबैले
विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस
बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं। १४ यसरी हामी छालले अगि-पछि
हुत्त्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता
र फट्याइँले यताउता उड़ाइएका बालकहरूजस्ता नहोऔं। १५ बरु प्रेमसित
सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर
हुनुहुन्छ। १६ उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको
भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि
हुँदैजानेछ। १७ अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु,
कि अन्यजातिहरू जसरी तिनीहरूका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी
तिमीहरू अबदेखि उसो नजिओ। १८ तिनीहरूका हृदयको कठोरताले ल्याएको
तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका
छन्, र तिनीहरूको समझ अन्धकारले भरिएको छ। १९ तिनीहरू कठोर भएका
छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरू छाडा भएका
छन्। २० तर ख्रीष्टलाई त तिमीहरूले यसरी जानेका छैनौ। २१ येशूमा
भएको सत्यताअनुसार उहाँको विषयमा तिमीहरूले सुनेका र सिकाइएका छौ भनी
म ठान्छु। २२ छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको
जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। २३ र आफ्नो
भित्री वर्तावमा नयाँ होओ, २४ र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र
पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर। २५ यसकारण झूट
त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा
एक-अर्काका अङ्गहरू हौं। २६ क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि
नै तिमीहरूको रीस मरोस्, २७ र दियाबलसलाई मौका नदेओ। २८ चोर्नेले अब
उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ
परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्। २९ तिमीहरूका मुखबाट
कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर,
जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्। ३० अनि परमेश्वरका पवित्र आत्मालाई
दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका
छौ। ३१ सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका

**डाहसमेत तिमीहरूले त्यागिदेओ। ३२ जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ।"**

चर्चका सदस्यहरूले एक आपसमा हेरबिचार गर्नुपर्छ भनेर पावलले एफिसी ४ अध्याय सुरु पनि गर्छन् अन्त्य पनि गर्छन् (एफिसी ४ः१-३,३२)। ती दुई आग्रहको बीचमा चर्चमा एकताको निम्ति एक आपसमा पालन पोषण हुनुपर्छ भनेर पावलले कडा अडान लिन्छन्। त्यो अडान उनले सात "एकहरूको" सूची बनाएर प्रस्तुत गर्दछन्ः एउटै शरीर, एउटै आत्मा, एउटै आशा, एउटै प्रभु (येशू ख्रीष्ट), एउटै विश्वास तथा आस्था, एउटै बप्तिस्मा, एउटै परमेश्वर र पिता (एफिसी ४ः४-६)। यदि हामी कोही पनि सेभेन्थ-डे एडभेन्टिस्ट भनेर दावी गर्छौं वा विश्वास गर्छौं भने हामी सबै जना सातवटा आत्मिक एकहरूले बाँडिनुपर्दछ। अनि हामी एकताको सूत्रमा छौं भनेर प्रमाणित गर्दछौं। एकता हुनु भनेको ईश्वरीय ज्ञान (थियोलोजी)को निश्चयिता भएतापनि त्यसलाई व्यवहारिकमा उतार्न परिश्रम गर्नुपर्दछ। त्यसकारण हामी हरदम "शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर्नुपर्छ।" एफिसी ४ः३। यदि हामी इमान्दारी भएर हामी येशूका एउटै शरीरका अङ्ग हौं भनेर स्वीकार्दै त्यस शरीरलाई स्वस्थ राख्न सक्रिय भयौं हामी एक भएको आभास् पाउनेछौं (एफिसी ४ः७-१६)। चर्चको प्रत्येक सदस्यमा कुनै न कुनै बरदान वा दक्षता हुन्छ। चर्चको सदस्यहरूले आफूहरूसँग भएको दक्षता वा बरदानहरूलाई उपयोग गरेर येशूको शरीररूपि चर्चलाई बलियो र स्वस्थ बनाउनुपर्दछ (एफिसी ४ः७,१६)। प्रेरित, अगमवक्ता, सुसमाचार प्रचारक, पास्टर , र शिक्षकहरू हुन बरदान पाएकाहरूबाट चर्चका सबै सदस्यहरूले फाइदा लिन सक्नुपर्दछ (एफिसी ४ः११,१२)। चर्चका ती दक्ष वा उपहार पाएका जनहरू चर्चको नसा र तन्तुहरू हुन्। तिनीहरूले चर्चलाई एकतामा राख्ने काम गर्दछन्। तिनीहरूले नै गरेर हामी येशू ख्रीष्टमा बढ्छौं, जो शरीरको शिर हुनुहुन्छ (एफिसी ४ः१३,१५)।

फेरि त्यसै बखत पावलले तिनीहरूलाई यो बताउँछन्, "यसरी हामी छालले अगि-पछि हुत्त्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फटयाइँले यताउता उड़ाइएका बालकहरूजस्ता नहोऔं। बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ।" एफिसी ४ः१४-१५। सुरुको

चर्चमा पनि  चर्चलाई टुक्राउन धुर्त र फताहा र देखावटी इसाईहरू वा अगुवाहरूले चर्चलाई पिरोलेको थियो भनेर पावलको त्यस कथनबाट स्पष्ट गर्दछ। अहिलेको जस्तै त्यसबेला पनि विश्वासीहरूको बीचमा आफ्नो भाउ खोज्ने प्रवृत्ति, आन्तरिक संघर्ष, मतभेदहरू थिए भनेर पावलका एफिसी र अरू पत्रहरूले खुलासा गरेको छ।

पावलले विश्वासीहरूको बीचमा सौहार्दता कायम राख्न अन्तिम हार्दिक आग्रह यसरी गर्छन्, "जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ।"

एफिसी ४:३२। पहिलाको जस्तो कठोर र निर्दयी हुन छोड्नु भनेर पावलले विश्वासीहरूलाई आग्रह गर्दछन् (एफिसी ४:१७-२४)। रिस उठ्ने मिजास र एक आपसमा कडा र चित्त दुःख्ने खस्रो बोलीलाई हटाएर त्यसको ठाउँमा यस्तो बोलिवचन हुनुपर्दछ कि चर्चको एकताको निर्माण होस् र एक आपसलाई अनुग्रह बाँड्न सकुन् भन्ने उनको तिब्र चाहना थियो (एफिसी ४:२५-३१)।

हुन त एकताको बारेमा जोर दिएको यस अध्याय पढ्न त्यसबेला सजिलो हुन्छ जब सबै थोक शान्ति हुन्छ। तर जब हामी एक आपसमा भाउ खोज्ने प्रवृत्तिले हामीलाई पिरोल्छ, डाह र ईष गर्छौं, कचकच गर्छौं, द्वन्द्वमा फस्छौं र जन्मजात नै आलोचना गर्ने हुन्छौं तब पावलको आग्रह हाम्रो निम्ति ज्यादै चुनौतीपूर्ण हुन्छ। के तपाईंहरूले ख्रीष्टको शरीर भएर एकताको अनुभव गरिरहुनभएको छ, जुन एकताको निम्ति येशू मर्नुभयो?

**स्थानीय र विश्वभरी चर्चको एकताको निम्ति हामीले कुन कुन तरिकाहरूले सहयोग गर्न सक्छौं? चर्चको  एकतालाई कायम राख्न हामीले आआफ्नो क्षेत्रबाट र आआफ्नो खुबी अनुसार प्रयास गर्नु किन महत्त्वपूर्ण छ?**

## ५. हामीहरू अनुग्रह पाउने र दिनेहरू हौं

**जब तपाईं एफिसी ५ पढ्नुहुन्छ तब अरूहरूसँग हाम्रो सम्बन्ध सुसमाचारले अपेक्षा गरेको अनुसार जीउन पावलको आह्वानलाई तपाईंले कसरी बुझ्नुहुन्छ? उनले दिएका अर्तीहरूमा तपाईंको निम्ति विशेष कुन अर्थपूर्ण छ? हेर्नुहोस् "१ यसकारण तिमीहरू प्रिय बालकहरूझैं परमेश्वरको देखासिकी गर्नेहरू होओ। २ तिमीहरू प्रेममा चल, जसरी ख्रीष्टले पनि हामीहरूसँग प्रेम गर्नुभयो, र**

परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो। ३ तर तिमीहरूका बीचमा व्यभिचार र सारा अशुद्धता अथवा लोभको नाउँसमेत नलिइओस्, जो सन्तहरूका बीचमा हुन सुहाउँदैन। ४ कुनै अश्लील कुरा, मूर्ख बातचित अथवा बेफाइदाको ठट्यौली नगर्नू, यी सुहाउने कुरा होइनन्। तर बरु धन्यवाद दिने काम होस्। ५ किनकि यो त तिमीहरू निश्चय नै जान, कि कुनै व्यभिचारी कि अशुद्ध मानिस अथवा लोभी मानिसलाई (जो मूर्तिपूजक हो) ख्रीष्ट र परमेश्वरको राज्यमा कुनै उत्तराधिकार छैन। ६ कसैले तिमीहरूलाई खोक्रा कुराले धोका नदेओस्, किनकि ती कुराको कारणले अनाज्ञाकारीहरूमाथि परमेश्वरको क्रोध पर्छ। ७ यसकारण तिनीहरूसँग सहभागी नहोओ, ८ किनकि एक पल्ट तिमीहरू अन्धकारमा थियौ, तर अब प्रभुमा तिमीहरू उज्यालो भयौ। ज्योतिका सन्तानझैं हिँड्डुल गर, ९ किनकि सबै भलाइ, धार्मिकता र सत्यतामा नै ज्योतिको फल पाइन्छ, १० र प्रभुलाई मन पर्ने के हो सो सिक्ने कोसिस गर। ११ अन्धकारका निष्फल कार्यहरूमा भाग नलेओ, बरु तिनलाई प्रकट गरिदेओ। १२ किनकि तिनीहरूले गुप्तमा गरेका कामहरूका विषयमा भन्नु पनि शर्मको कुरो हो। १३ तर ज्योतिद्वारा कुनै कुरा प्रकट गरिँदा त्यो प्रष्टै देखिन्छ। त्यो कुरा, जो प्रष्टै देखिन्छ, त्यो ज्योति हो। १४ यसैले यस्तो भनिएको छः "ए निद्रामा परेकाहरू, जाग र मरेकाहरूबाट उठ, र ख्रीष्टले तिमीहरूलाई प्रकाश दिनुहुनेछ।" १५ यसैले कसरी हिँड्छौ ध्यानसँग हेर– निर्बुद्धि मानिसजस्तो होइन, तर बुद्धिमान्जस्तो। १६ समयको पूरा सदुपयोग गर, किनकि दिन खराब छ। १७ यसैकारण मूर्ख नहोओ, तर प्रभुको इच्छा के छ, सो बुझ। १८ दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ। १९ एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै २० सधैं सबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढ़ाओ।

२१ ख्रीष्टको श्रद्धामा एक-अर्काको अधीनमा बस। २२ पत्नी हो, प्रभुको अधीनमा रहेजस्तै आ-आफ्ना पतिको अधीनमा बस। २३ किनकि पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ। २४ जसरी मण्डली ख्रीष्टको अधीनमा छ, त्यसरी नै पत्नीहरू पनि हरेक कुरामा पतिहरूका अधीनमा रहून्।

२५ पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, २६ यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, २७ र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्।

२८ त्यसरी नै पतिहरूले पनि आ-आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ। आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ। २९ किनकि कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घृणा गर्दैन, तर त्यसको कदर गरेर पालनपोषण गर्दछ, जसरी ख्रीष्टले पनि आफ्नो मण्डलीको निम्ति गर्नुहुन्छ, ३० किनभने हामी उहाँका शरीरको अङ्ग हौं। ३१ "यसकारण मानिसले आफ्ना आमा-बुबालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन्।" ३२ यो एउटा गम्भीर रहस्य हो, अनि यो कुरा म ख्रीष्ट र मण्डलीको सम्बन्धमा बोल्दछु। ३३ जे भए पनि तिमीहरू हरेकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गर, र पत्नीले पनि आफ्ना पतिको आदर गरोस्।"

यदि तपाईंले सिधै एफिसी ५ अध्याय पढ्न सुरु गर्नुभयो भने तपाईंले महत्त्वपूर्ण विषय के हो र त्यसको पूरा प्रभावकारिता गुम्न सक्नेहुन्छ। त्यसकारण एफिसी ४:३२देखि पढ्न सुरु गर्नुपर्छ, जसमा पावलले एफिसीहरूलाई यो आग्रह गरेका थिए, "जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ।"

येशूलाई विश्वास गरेपछि एक अर्कोसँग हामीले गर्नुपर्ने व्यवहारको जिम्मेवारीबाट पन्छिनु ठिक हुँदैन। परमेश्वरले हामीलाई कस्तो अनुग्रह देखाउनुभयो र कसरी क्षमा दिनुभयो त्यसरी नै अनुग्रह देखाएर र क्षमा दिएर अरूहरूको निम्ति नमुना हुनुपर्दछ। हामीलाई परमेश्वरको अनुसरण गर भनेर येशूले नै आह्वान गर्नुभएको थियो (मत्ती ५:४३-४८)।

परमेश्वरको प्रेमको अनुसरण गर्नुपर्छ भन्ने पावलको भनाइ सृष्टिकर्ता परमेश्वरबिहिन संस्कार र जीवनशैली अपनाउनुको बिपरित छ। त्यसबेलाको वा अहिले पनि लौकिक संस्कार वा चालचलनमा एक आपस जोसुकैसँग पनि यौन सम्पर्क गरेर आनन्द लिँदै प्रेम देखाएको भनेर फूर्ति गर्छन् (एफिसी ५:३,४)। तर त्यसको बिपरित, सबै विश्वासी दाजुभाइ र दिदीबहिनीहरू परमेश्वरका परिवार हुन् भनेर दाम्पत्य पारिवारिक प्रेममा रहन पावलले अर्ती

दिन्छन्। यदि प्रेमको नाउँमा व्यभिचारी जीवन वा कामबासनाको भोगबिलासमा बिताउँछ भने परमेश्वरले तयार गरिरहनुभएको नयाँ पृथ्वीमा तिनीहरूको ठाउँ हुँदैन भनेर पावलले चेतावनी दिन्छन् (एफिसी ५:५-७)। लोक वा समाजले मान्यता पाएतापनि, धर्मकै नाउँमा किन नहोस्, विवाहित जीवनभन्दा कुनै पनि बाहिरका व्यक्तिसँग यौन सम्पर्क वा अनैतिक जीवन बाइबलले अन्धकारको जीवन हो भनेर खुलासा गरिएको छ।

बरु त्यसको बिपरित, विगतको अन्धकारको जीवनबाट फर्कर ज्योतिका सन्तान भएर चल्दै (एफिसी ५:११,१२) परमेश्वर पिताको प्रेमको अनुसरण गर्नुपर्छ भनेर पावलले बताउँदछ। अन्धकारका कामहरू र गोप्यमा गर्ने कामदेखि पर बस भनेर पावलले चेतावनी दिन्छन् (एफिसी ५:११,१२)। परमेश्वरलाई विश्वास नगर्नेहरूको जीवनभन्दा हामी पारदर्शिक जीवन बिताएर ख्रीष्टको ज्योतिमा रहनुपर्दछ (एफिसी ५:१३,१४)। मद्यपान वा मतवाली जीवन या समयले खेर फालेर जीवन बिताउनुको सट्टा समयको सदुपयोग गरेर प्रत्येक क्षण परमेश्वरको हो भनेर समयको गरिमालाई आदर गरेर जीवन बिताउनुपर्छ। परमेश्वरलाई धन्यवादको भेटी दिएर उहाँको प्रेमप्रति आभारित भएर चिन्तनमन गरेर पनि समय बिताउनुपर्दछ (एफिसी ५:१५-२१)।

परमेश्वरको प्रेमको अनुसरण कसरी गर्ने भन्ने विषयलाई पावलले त्यो प्रेम पति र पत्नीमा हुनुपर्ने प्रेमलाई पावलले औँल्याउँछन्। येशूले चर्चलाई आफ्नो जीवन दिनुभएर कसरी प्रेम देखाउनुभयो, त्यसरी नै इसाई पतिहरूले पनि आफ्ना पत्नीहरूलाई आफ्नो जीवन दिएर प्रेम गर्नुपर्छ भनेर पावलले बताउँदछन् (एफिसी ५:२५-३३)। जसरी चर्च येशूप्रति बफादारी हुन्छ त्यो पनि इसाई पत्नीहरूको निम्ति नमुना हुन्छ (एफिसी ५:२२-२४)। सम्भोगमा पति र पत्नी एकै जिउ (एफिसी ५:२८-३३) हुने नैतिक आचारसंहिता र मूल्यमान्यतालाईलाई इसाई पति र पत्नीले हृदयमा सजाउनु पर्छ। तर, आजको संसारमा शुद्ध यौनक्रिया जीवन पनि दुरुपयोग भएको छ, भ्रष्ट भएको छ र भोगबिलासको नाउँमा स्वार्थलाई प्राथमिकता दिएर यौन शोषण भइरहेको छ।

"प्रिय बालकहरू परमेश्वरको अनुसरण गर" भनेर पावलले बिनम्र अनुरोध गर्दछन् (एफिसी ५:१)। परमेश्वरको अनुग्रहले तपाईंलाई आज अरूहरूसँगको सम्बन्धमा ईश्वरीय प्रेमको उदाहरण बनेर बाँच्न आह्वान गरिएको छ।

**"प्रेममा चल" भन्ने एफिसी ५:२ मा पावलको अर्तीलाई एफिसी ५:१मा बताएको "परमेश्वरको अनुसरण गर" भन्ने भावनाले कसरी बुझाउँछ?**

## उपसंहार

**थप जानकारीः** एफिसी ६लाई चिन्तन गर्दै हाम्रो यस अध्ययन पुस्तकला अन्त्य गर्नेछौं। हामी, चर्च समूदाय शान्तिको निम्ति युद्ध गर्ने परमेश्वरका फौज हौं भनेर एफिसी ६मा भेट्टाएका छौं।

एफिसीको पत्रमा, पावलले चर्चलाई विभिन्न प्रतिकहरूले चित्रण गरेकाछन्; ख्रीष्टको शरीर (एफिसी १:२२,२३; ४:११-१६), परमेश्वरको मन्दिर (एफिसी २:१९-२२), ख्रीष्टको दुलही (एफिसी ५:२१-३३) र हातहतियारले सुसज्जित भएर अग्रसर हुने परमेश्वरको फौज (एफिसी ६:१०-२१)। चर्च हतियारधारी जत्था हो भन्ने तर्कमा धेरै फाइदाहरू छन् साथै त्यस तर्कलाई गलत पनि सम्झिन सक्छ।

सैतिक हतियार भिरेर अरूसँग युद्ध गर्नुपर्छ भन्ने पावलको वचनलाई हामी सजिलैसँग गलत सम्झिन सक्छौं । त्यही पावलले हामीलाई एकताको सूत्रमा रहनुपर्छ, हाम्रो बोलिचालीले एक आर्काको हित गर्नुपर्छ र कोमल हृदय हुनुपर्छ भनेर सिकाउँदछन् (एफिसी ४:२५-५:२) । परमेश्वरको सुसमाचार भनेको "शान्तिको सन्देश वा सुसमाचार" हो भनेर पावलले नै भनिरहेका छन् (एफिसी ६:१५)। तर पावलले चर्च जल्दोबल्दो सैनिकको प्रतिक भनेर चित्रण गर्दा परम्परागतरूपमा हातहतियार उठाएर येशूलाई विश्वास नगर्नेहरूलाई भौतिक कार्यवाही वा युद्ध गर्न पावलले आह्वान गरेकै होइन। सैतान र उसका दुष्ट फौजसँग आत्मिक युद्ध गर्नुपर्दा हाम्रो युद्ध शान्ति युद्ध हो भनेर बुझ्नु पर्छ। परमेश्वर र सैतानको बीचमा भइरहेको भिषण वैचारिक द्वन्द्वको मैदानमा हामीलाई परमेश्वरको फौजमा सामेल हुन पावलले आग्रह गर्दछन्।

हाम्रो विरुद्धमा खडा भएका शत्रुका फौजहरू कतिको शक्तिशाली छ भन्ने वास्तविक अनुमानबाट हामी पन्छिनु हुन्न। हाम्रा शत्रुहरू भनेको केवल हामीमाथि जाइलाग्ने मानव शत्रुहरूमात्र होइन तर "आकाशका स्थानहरूमा रहेका दुष्टका आत्मिक फौजहरू" हुन् (एफिसी ६:१२)। त्यसलाई नेतृत्व गर्ने त्यसको चलाख सेनापति लुशिफर वा सैतान आफै हो (एफिसी ६:११)। तर, हाम्रा शत्रुहरूको अगाडि हामी झुक्नुपर्दैन न त दविनै पर्छ। सैतानसँग गर्ने युद्धमा परमेश्वर हाम्रो साथमा हुनुहुन्छ (एफिसी ६:१०)। उहाँले हामीलाई

उच्चस्तरका हतियारहरू भिराउनुभएको छ। त्यो हतियार परमेश्वर आफैको हो (एफिसी ६:११, यशैया ५९:१५-१७)। उहाँले हामीलाई सत्य, धार्मिकता, शान्ति, विश्वास वा निष्ठा, मुक्ति र पवित्र आत्माले सुसज्जित गर्नुभएको छ (एफिसी ६:१३-१७)। हाम्रो अगाडि परमप्रभु परमेश्वर हुनुहुन्छ। युद्धमैदानमा उहाँले नै नेतृत्व गर्नुहुन्छ। शिरदेखि पाइटालासम्म उहाँले हामीलाई उहाँको अस्त्रले सुसज्जित पार्नुभएको छ। यस परिवेशमा हामी सैतानसँगको युद्धमा हार्नु आवश्यक छैन। हाम्रो निम्ति विजय सुनिश्चित गरिएको छ।

**चिन्तनमनन:**

अ. हामी हाम्रो धर्मकर्म र कामबाट मुक्ति पाउँदैनौं। यो कुरा बाइबलले स्पष्टसँग बताउँदछ। यद्यपि पावलले यो लेखिएको अर्थ के हो, "किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिंड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो" (एफिसी २:१०)? त्यसकारण, हाम्रो असल कामहरूको लक्ष्य के हो त?

आ. पावलले यो लेख्दछन्: "उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ। एफिसी ३:२०। हामीलाई घचेट्ने के शक्ति हामीमा छ र त्यो शक्तिलाई हाम्रो जीवनबाट कसरी प्रकट गरिरहेकाछौं?

## कथा १४

# अलौकिक काम

## ओलेग र स्भलटाना



ओलेगको निम्ति विवाह भनेको केवल जीवन साथी बनाउनुमात्र थिएन। अचम्मको बुद्धि र बल भएको व्यक्तिसँग रहनु उनको चाहना थियो। ओलेग निरन्तर रूपमा टाउको दुखाइले ग्रस्त भएको थियो।

"के म तपाईंको शिरमा हात राख्न सक्छु?" भनेर स्भलटानाले उनलाई सोधिन्। तर उनको जवाफ नपाउँदै स्भलटानाले ओलेगको शिरमा हात राखेर प्रार्थना गरिन्। तुरन्तै उनको टाउको दुखाइ अलप भयो।

अचम्म मान्दै ओलेगले भने, "मलाई त सञ्चो भयो!"

त्यसबेलादेखि जब ओलेगलाई टाउको दुख्थ्यो कहाँ जानुपर्ने उनलाई थाहा भएको थियो। स्भलटानाले कसरी गरिन् उनलाई थाहा भएन तर त्यसमा उनको चिन्ता थिएन। सोभियतसंघले कब्जा गरेको लाटाभियामा के के भइरहेको थियो त्यो उनलाई थाहा थिएन। तर, एउटा कुरामा उनी निश्चित थियो कि यस संसारमा परमेश्वरको अस्तित्व छैन। ओलेग नास्तिक परिवारमा जन्मेका र हुर्केका थिए। उनी साथै लाटभियामा रहेका धेरै मानिसहरूले परमेश्वरलाई गर्दैनथे। तर यस जगतमा अदृश्य शक्तिहरू छ भनेर उनले विश्वास गर्दथे। स्भलटानाले तन्त्रमन्त्रका पत्र पत्रिकाहरू पढ्थिन्। अदृश्य शक्तिसँग उनको साँथगाँठ थियो। एक दिन ओलेग र स्भालटाना कारमा यात्रा गर्दै थिए, तब अदृश्य शक्तिको आवाजले उनको दिमागलाई प्रयोग गरेर कारको इन्जिन बन्द गर भनेर अऱ्हायो। उनले सोच्नुभन्दा अघि नै कारको इन्जिन बन्द भयो। अरू कामहरू गर्न पनि त्यस आवाजले अऱ्हाएको थियो। त्यस आवाजको बारेमा ओलेगले चिन्ता गरेको थिएन। तर एकदिन उनको श्रीमती स्भलटानालाई उनलाई र उनका तीन छोराछोरीहरूलाई मार भन्ने चर्को आवाज स्भलटानाले सुनिन्। त्यो आवाजलाई उनले मान्न चाहिनन्। अनि उनी एकदम उदासिन हुन थाले। तीन दिनसम्म आफू मर्न चाहना गर्न थालिन्। ओलेग डराए र उनी आफ्ना छोराछोरीहरूसँग घर छोडे। स्भलटानाकी आमाले आम्बुलेन्स बोलाइन् र स्भलटाना मानसिक अस्पतालमा भर्ना भइन्।

जब ओलेगले मानसिक डाक्टरलाई देखे तब आफ्नी श्रीमती अस्पतालबाट घर फर्किन सक्छिन् कि भनेर सोधे। "उनी बहुला त होइन,

त्यसकारण मैले उनलाई अस्पतालमा राखिरहन सक्दिनँ। उनलाई अस्पताल होइन तर चर्चको आवश्यकता छ," भनेर ओलेगलाई चकित पारेर डाक्टरले जवाफ दिए। नास्तिक सोभियत राज्यको नास्तिक मनोवैज्ञानिकले आफ्नी श्रीमतीलाई इसाई धर्ममा लान शिफारिस गरेको? यो त अचम्मै भएको थियो। ओलेग र उनको परिवारलाई चर्चको बारेमा थाहा पनि थिएन न त कुनै सम्बन्ध नै थियो। अब आफू के गर्ने हो सो थाहा थिएन।

निराशले लटपटिएकी स्भलटानाकी आमाले आफूसँग काम गर्ने महिला साथीलाई सोधिन्, "म बाइबल कहाँ पाउँछु र परमेश्वरको बारेमा सुनाउने कोही व्यक्ति तपाईंलाई थाहा छ?" त्यस महिला सेभेन्थ-डे एडभेन्टिस्ट थिइन्। "मलाई थाहा छ। मेरो पास्टरले तपाईंकी छोरीसँग कुरा गर्न सक्नुहुन्छ। उहाँले बाइबल पनि दिन सक्नुहुन्छ।

जब स्भलटाना अस्पतालबाट घर आए तब तिनीहरू पास्टरकहाँ गएर आफ्ना दुखेसोहरू पोखाए। दुष्ट आत्माको शक्तिले स्भलटानालाई नियन्त्रण गरिरहेको छ भन्ने कुरामा पास्टरलाई महसुस भयो। "परमेश्वरसँग प्रार्थना गर्नुहोस् र उहाँले त्यस अदृश्य अलौकिक तर दुष्ट शक्तिबाट छुटकारा पाउनेछ र तपाईंहरू चर्चमा पनि आउनै पर्छ।"

स्भालटाना र उनका छोराछोरीहरू चर्चम जान थालेर तीन महिनापछि स्भालटानाले येशूलाई ग्रहण गरेर बप्तिस्मा लिइन्।

आफ्नी श्रीमतीले शान्ति पाएकोमा ओलेगलाई राहत भएको थियो। तर परमेश्वरको अस्तित्वको बारेमा र आफूलाई उहाँको आवश्यकता छ भन्ने कुरालाई उनले विश्वास गरेको थिएन। स्भल्टाना र उनको छोराछोरीहरूले प्रार्थना गर्दा कहिलेकाहीं उनले हँसी उडाउँथे। एक दिन ओलेगले सोधे, "होइन, तिमीहरू प्रत्येक शनिबार किन चर्च जान्छौ?" "तपाईं आफै आएर हेर्नुहोस्," स्भलटानाले जवाफ दिइन्। अनि, आखिरमा एक साबथ ओलेग चर्चमा गए। चर्चको गतिविधिलाई उनले मन पराए। जब पास्टरले सँगसँगै बाइबल पढौं भनेर उनीसँग अनुरोध गरे तब उनी सहमत भए। बाइबल अध्ययन पछि ओलेगले आफ्नो हृदय येशूलाई सुम्पे र बप्तिस्मा पनि लिए। पछि उनका तीन छोराछोरीहरूले पनि बप्तिस्मा लिए।

"अब म एडभेन्टिस्ट चर्चकै पास्टर भएको छु। म त पास्टरै हुन्छु भनेर मैल कहिल्यै सोचेको थिइन," आफै चकित हुँदै ओलेगले यस लेखकलाई सुनाए।

(ओलेग केवल चर्च पास्टरमात्र होइन। सन १९९८ देखि उनी युवाहरूको निर्देशक पनि हुनुभएको छ। उनी पाथफाइन्डरसँग मिलेर काम गर्नुहुन्छ। क्याम्पिङ र अरू क्रियाकलापमा बालबालिकाहरूसँग मिलेर विभिन्न क्रियाकलापहरू गर्नुहुन्छ। स्भलटाना आफ्नो श्रीमानसँगै काम गर्छिन्)